फोन नं. ०६८-५२०१३५

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बागलुङ

गण्डकी प्रदेश, नेपाल

(प्रदेश सरकार डिभिजन वन कार्यालय गण्डकी प्रदेश बागलुङ, नेपाल)

## फलफुलका बिरुवा खरिद र ढुवानी सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

डिभिजनल वन अधिकृत

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८।०२।३० गते)

यस कार्यालयको चालु आ.व. ०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय (संघ शसर्त अनुदान) तर्फको फलफुल विरुवा खरिद तथा ढुवानी कार्यक्रम अन्तरगत आपूर्तिकर्ताबाट तपशिल बमोजिमका फलफुलका विरुवा खरिद र ढुवानी कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले निम्न शर्तको अधिनमा रही प्रचलित कानून बमोजिम योग्यता पुगेका इच्छुक आपूर्तीकर्ताहरुले यस सूचना बमोजिमको सिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क. आपूर्ति गर्नुपर्ने बिरुवाहरुको विवरण

| सि.न. | बिरुवाको जात | खरिद गरिने फलफुलका बिरुवाहरुको विवरण | | | |
|---|---|---|---|---|---|
| | | स्पेसिफिकेशन | जम्मा संख्या | जम्मा अधिकतम मुल्य ढुवानी समेत रु | आपुर्ती गर्नु पर्ने स्थान र समय |
| १ | एभोकाडो | कलमी, उमेर १ देखि २ वर्ष, उचाई: १.५ देखि ३ फिट, जरा पराल/जुट/प्लाष्टिकले माटो सहित जरा वेरिएको रोग किरा नलागेको, स्वस्थ बिरुवा | २४८० | १४,५०,००० ।- | डिभिजन वन कार्यालय बागलुङले तोकेको संख्यामा माताहतका सव डिभिजन वन कार्यालय बुर्तिबाङ/गलकोट/ वडिगाड/काठेखोला/जैमिनी/बागलुङ/तमानखोला/वरेङ मा २०७८ सालको असार २५ गते भित्र ढुवानी गरिसक्नु पर्ने छ । |
| २ | आंप (आम्रपाली, मल्लिका) | | १२०० | | |
| ३ | लिची | | १२०० | | |
| ४ | अम्वा | | २३४० | | |
| ५ | किवी | | ५०० | | |
| ६ | जुनार | | १५०० | | |
| ७ | सुन्तला | बिजु, उमेर १ देखि २ वर्ष, उचाई: १.५ देखि ३ फिट, जरा पराल/जुट/प्लाष्टिकले माटो सहित जरा वेरिएको रोग किरा नलागेको, स्वस्थ बिरुवा | ४२०० | | |
| ८ | कागती | | ४२०० | | |
| जम्मा बिरुवा संख्या १७६२० | | | | जम्मा रु १४,५०,००० ।- (चौध लाख पचास हजार मात्र) | |

शर्त

फोन नं. ०६८-५२०१३५

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बागलुङ

गण्डकी प्रदेश, नेपाल

१. इंच्छुक आपूर्तीकर्ताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिवाट १५ औं दिन सम्म कार्यालय समय भित्र डिभिजन वन कार्यालय बागलुङबाट रु १००० ।- (फिर्ता नहुने) दस्तुर बुझाई सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्रहरु रितपूर्वक भरी सिलवन्दी गरेर सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजे सम्म डिभिजन वन कार्यालय बागलुङमा दाखिला गर्न सकिने छ ।

३. दाखिला हुन आएका दरभाउपत्रहरु १६ औं दिन दिउसो ३.०० बजे देखि कार्यालय प्रतिनिधिहरु र सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा सिलवन्दी दरभाउपत्र फाराम यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. सिलवन्दी दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्य गरिने छ ।

५. जसको नाममा विक्री भएको दरभाउपत्र फाराम हो, उसैको तर्फबाट दाखिल गर्नु पर्नेछ ।

६. सिलवन्दी दरभाउपत्र साथ संलग्न राख्नु पर्ने कागजातहरु

क. दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको इजाजत पत्रको प्रतिलिपि

ख. स्थायी लेखा नम्वर/ मुल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपि

ग. आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

घ. दरभाउपत्रको साथमा स्विकृत लागत अनुमानको रकमको २.५ प्रतिशतले हुने धरौटी रकम ने.बै.लि बागलुङ स्थित को.लो.नि.का (प्रदेश इकाई) बागलुङको धरौटी खाता नं. ०२२०२०००००२००३०००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन सम्मको सो रकम बराबरको बैंक ग्यारेन्टी शिलवन्दी गरिएको खामभित्र समावेश हुनु पर्नेछ । धरौटी बापत राखेको नगदलाई मान्यता दिइने छैन । धरौटी रकम अनिवार्य रुपमा दरभाउपत्रदाता फर्मको नामबाट दाखिल भएको भौचर हुनुपर्नेछ । व्यक्तिको नाममा दाखिल भएको भौचर मान्य हुने छैन ।

७. दरभाउपत्रमा उल्लेखित रकम अंक र अक्षर दुवैमा अनिवार्य रुपमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

८. दरभाउपत्रमा र सो सम्वन्धी कागजातमा दरभाउपत्रदाताको सहीछाप भई नआएमा अमान्य हुनेछ ।

९. केरमेट भएको स्थानमा दरभाउपत्रदाताको सहि छाप अनिवार्य रुपमा गर्नु पर्नेछ ।

१०. म्याद नाघी वा रित नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

११. दरभाउपत्र पेश गर्न आउंदा आफूले आपूर्ती गर्ने सम्पूर्ण प्रजातिको विरुवाहरुको  नमूना (स्याम्पल) समेत पेश गर्नु पर्नेछ ।

१२. दरभाउपत्र सदर वा बदर गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

१३. अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।